# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

मितिः- २०८२/०६/१२ गते

प.सं. :- (कृषि) २०८२/८३
च.नं.:- ३०२

विषयः- सूचना टाँस गरी जानकारी पठाउने सम्बन्धमा ।

श्री ८ नं. वडा कार्यालय,
भूमे गाउँपालिका, वडा नं.-८, पोखरापाटा, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्वी भाग)को *प्रथम पटक प्रकाशित गत आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी (१५ दिने) सूचना* यसैसाथ संलग्न राखी पठाईएको छ । उक्त सूचना त्यस वडा कार्यालयको सूचनापाटीमा टाँस गरी सम्बन्धित कृषक समूहलाई समेत जानकारी गराई सोको जानकारी पठाउनुहुन अनुरोध छ ।

..........................
(चेतन वुढा मगर)
सहायक प्रशासकीय अधिकृत
चेतन बुढा मगर
सहायक प्रशासकीय अधिकृत

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


आर्थिक वर्ष:- (कृषि) २०८२/८३
सूचना नम्बर:- १४

**गत आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८२/०६/१२ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्वी भाग)को यस चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन तथा कार्यान्वयन हुने संघीय सरकारबाट हस्तान्तरित संघ-सशर्त अनुदान, **आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता** कार्यक्रम सञ्चालन तथा कार्यान्वय गर्नका लागि कार्यक्रम माग संकलन गर्न प्रथम पटक (मिति २०८२/०४/२९ गते) र दोस्रो पटक (मिति २०८२/०५/१३ गते) प्रकाशित सूचनाअनुसार माग भई आएका भूमे गाउँपालिका, ८ नं. वडाभित्रका ईच्छुक कृषक समूहहरुमध्ये तपसिल बमोजिमको कृषक समूह छनोट भएको हुँदा ***यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०६/२६ गते)*** कार्यालय समयभित्र कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्झौता गर्नको लागि तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु अनिवार्य रुपमा संलग्न गरी यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्गबगर, रुकुम (पूर्वी भाग) कार्यालयमा सम्पर्क राख्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | छनोट भएको कृषक समूहको नाम | अध्यक्षको नामथर | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | नमुना कृषक समूह | राम वहादुर रोका | भूमे गा.पा.-०८, पाछावाङ्ग, रुकुम (पूर्वी भाग) | |

**कार्यक्रम सम्झौता गर्दा, पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

- अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्झौता गर्ने सम्बन्धमा निवेदन र छाप ।
- अध्यक्ष/सचिव/कोषाध्यक्षको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्झौता गर्ने सम्बन्धमा निर्णयको प्रतिलिपि ।
- अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

(विशाल पुन मगर)
कृषि प्राविधिक

(चेतन बुढा मगर)
सहायक प्रशासकीय अधिकृत

चेतन बुढा मगर
सहायक प्रशासकीय अधिकृत

सम्पर्कका लागिः

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरीः- ९८४१८०२७३२
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५
३. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९